आयकर ऐन, २०५८ वमोजिम
करको भुक्तानी तथा असुली प्रकृया

श्री ५ को सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग
लाजिम्पाट,काठमाण्डौं

"कर तिर्नु कानूनी कर्तव्य मात्र होईन,
सम्मान पाउने अवसर पनि हो"
चैत्र, २०५९

➢ **आयकर ऐन, २०५८ ले करको भुक्तानी तथा असुली का कस्ता प्रकृया निश्चित गरेको छ ?**

आयकर ऐन, २०५८ ले कर तिर्नु पर्ने दायीत्व भएका व्यक्तिबाट कर दाखीला गराउने दुईटा प्रकृया निश्चित गरेकोछ । पहिलो प्रकृया अन्तर्गत करदाता आफैंले समयमा नै कर दाखीला गर्नु हो भने दोश्रो प्रकृया अन्तर्गत आन्तरिक राजश्व कार्यालयले दाखीला गर्न लगाउनु वा असूल उपर गर्नु हो ।

➢ **करदाता आफैले समयमा कर दाखीला गर्दा के गर्नु पर्छ ?**

करदाताले समयमा कर भुक्तानी गर्दा निम्नानुसार गर्नु पर्छ :-

- ऐन वमोजिम कर कट्टी हुने भुक्तानी पाउदा अग्रीम कर कट्टी गराएर
- अगृम कर कट्टी गर्नेले प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र कट्टी गर्नु पर्ने कर रकम आन्तरिक राजश्व कार्यालयमा दाखीला गरेर
- प्रत्येक बर्षको पौष, चैत्र र आषाढ मसान्त भित्र अनुमानित करको क्रमश: ४०, ७० र १०० प्रतिशत किस्तावन्दि कर आन्तरिक राजश्व कार्यालयमा दाखीला गरेर
- पूर्वानूमानित कर तिर्ने र स्वयम् कर निर्धारण गर्ने करदाताले आफुलाई लाग्ने कर आय विवरण साथ आन्तरिक राजश्व कार्यालयमा दाखील गरेर
- संसय वा संसोधित कर निर्धारण भएकोमा कर निर्धारणको सूचनामा उल्लेखित म्याद भित्र आन्तरिक राजश्व कार्यालयमा दाखीला गरेर ।

➢ **करदाता आफैले समयमा कर दाखीला नगर्दा के हुन्छ ?**

करदाता आफैले समयमा कर दाखीला नगरेमा करदातालाई व्याज लाग्नु का साथै सजाय तथा जरिवाना पनि हुन सक्छ । यस्को साथै आन्तरिक राजश्व कार्यालयले बक्यौता कर असूल उपर गर्न विभिन्न कार्रवाही सुरू गर्छ ।

➢ **समयमा कर नबुझाउनेलाई कति व्याज लाग्छ ?**

समयमा कर नबुझाउनेलाई दाखीला गर्न वांकी कर रकममा कर दाखीला गर्न वांकी अवधि भरकोलागी प्रत्येक महिना र महिनाको भागमा बार्षिक १५ प्रतिशतका दरले व्याज लाग्छ ।

- उदाहरणको लागी यदि कर बुझाई सक्नु पर्ने म्याद असौज मसान्त रहेछ र बुझाउन वांकी कर १,००,००० रहेछ । करदाताले सो रकम सोही वर्षको माघ ५ गते वुझाएको रहेछ भने निम्नानुसार व्याज लाग्छ ।
  - एक लाखको बार्षिक १५ प्रतिशतले १५ हजार हुन्छ ।
  - करदाताले असौजमा बुझाउनु पर्ने कर माघ ५ गते बुझाएकोले ३ महिना ४ दिन ढिलो हुन गएकोछ । यस अबस्थामा माघ मसान्त सम्मको ३ महिना र चौथो महिना सुरू भई सकेकोले सो वापत थप एक महिना गरि ४ महिनाको व्याज लाग्ने हुंदा प्रस्तुत उदाहरणमा करदातालाई ५,००० व्याज लाग्छ ।

➢ **समयमा कर नबुझाउनेलाई के कस्तो सजाय तथा जरिवाना हुन सक्छ ?**

समयमा कर नबुझाउनेलाई उपरोक्तानुसारको व्याज का अतिरिक्त पांच हजार रूपैयांदेखि तीस हजार रूपैयांसम्म जरिवाना वा एक महिना देखि तीन महिनासम्म कैद वा दुवै सजाय हुन सक्छ ।

➢ **व्याज तथा शुल्क एवम् सजाय तथा जरिवाना कस्ले गर्छ ?**

कर अधिकृतले व्याज तथा शुल्क लगाउछ भने सजाय तथा जरिवाना अदालतले गर्छ ।

➢ **समयमा कर नबुझाउने करदाता संग आन्तरिक राजश्व कार्यालयले के कसरी बक्यौता कर असूल उपर गर्छ ?**

समयमा कर नबुझाउने करदाता संग निम्नानुसारको तरिका वमोजिम आन्तरिक राजश्व कार्यालयले बक्यौता कर असूल उपर गर्छ ।

- <u>नेपाल अधिराज्यबाहिर जान रोक लगाइने</u> : कर दाखीला गर्न सूचना दिंदा पनि कर दाखीला नगर्ने व्यक्तिलाई आन्तरिक राजश्व कार्यालयले कर दाखिला गर्न सूचना दिएको समय भुक्तानी भएको मितिदेखि ७२ घण्टासम्मकालागि श्री ५ को सरकारको सम्बन्धित कार्यालयलाई लिखित सूचना दिई सो व्यक्तिलाई देशबाट वाहिर जानबाछ रोक्न सक्छ ।
- <u>निकायका अधिकृत कर्मचारीलाई जिम्मेवार वनाइने :</u> कर बुझाई सक्नुपर्ने मितिसम्म कर नबुझाउने निकायका तत्काल वहाल रहेका वा ६ महिना अञ्सिम्म वहाल रहेका व्यवस्थापक वा सो हैसियतमा कार्य गर्ने प्रत्येक अधिकृतहरू संयुक्त वा छुट्टाछुट्टै रूपमा सो कर बुझाउन जिम्मेवार हुने हुदा त्यस्ता अधिकृत कर्मचारीबाट असूल गर्न सक्छ । तर सो अधिकृतको जानकारी विना वा निजले कर दाखीला गराउन आफ्नो तर्फबाट प्रयास गरेको भए निजबाट असूल गरिदैन ।
- <u>प्रापकबाट असुली गर्ने</u> : कुनै करदाताले कर दाखीला नगरेमा निजको लिक्विडेटर, प्रापकको रूपमा अदालत बाहिरबाट वा अदालतबाट नियुक्त व्यक्ति, वन्धकी लिई सम्पत्ति कब्जामा राख्ने व्यक्ति, मृतक व्यक्तिको सम्पत्तिको प्रत्यक्ष हकवाला, प्रशासक वा दामकाम गर्ने व्यक्ति वा

असक्षम प्राकृतिक व्यक्तिको काम कारवाही गरिदिने व्यक्तिबाट त्यस्तो बक्यौता असुल गरिन्छ ।

- <u>रकम बुझाउनुपर्ने व्यक्तिबाट कर असूलउपर गर्ने</u> : कर बुझाईसक्नुपर्ने मितिसम्म कर नबुझाई वांकी राखेमा आन्तरिक राजश्व कार्यालयले निम्न बमोजिमको कुनैपनि भुक्तानीकर्ताबाट वक्यौता राख्ने व्यक्तिको बक्यौता असूल गर्न सक्छ ।
  - ♦ कर वक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्ति,
    - ▲ उदाहरणकोलागी "क" भन्ने व्यक्तिले कर बुझाउन बांकी राखेको रहेछ । निजलाई "ख" भन्ने व्यक्तिले रकम तिर्नु पर्ने रहेछ भने सो रकम "क" लाई बुझाउनुको सट्टा "क" ले तिर्नु पर्ने कर वापत "ख" बाट दाखील गराउन सकिन्छ ।
  - ♦ कर वक्यौता राख्ने व्यक्तिको लागि वा निजको तर्फबाट द्रब्य राख्ने व्यक्ति,
    - ▲ उदाहरणकोलागी "क" भन्ने व्यक्तिले कर बुझाउन बांकी राखेको रहेछ । निजले "ख" भन्ने व्यक्तिलाई रकम वा सम्पत्ति वा अन्य कुनै रूपमा रहेको द्र्व्य राख्न दिएको रहेछ भने सो द्रव्य "क" लाई फिर्ता दिनुको सट्टा "क" ले तिर्नु पर्ने कर वापत "ख" बाट दाखील गराउन सकिन्छ ।
  - ♦ कर वक्यौता राख्ने व्यक्तिलाई बुझाउने गरी कुनै तेस्रो व्यक्तिको तर्फबाट द्रब्य राख्ने व्यक्ति,
    - ▲ उदाहरणकोलागी "क" भन्ने व्यक्तिले कर बुझाउन बांकी राखेको रहेछ । निज "क" लाई दिनु भनि "ग" भन्ने व्यक्तिले "ख" भन्ने व्यक्तिलाई रकम वा

सम्पत्ति वा अन्य कुनै रूपमा रहेको द्रव्य दिएको रहेछ भने सो द्रव्य "क" लाई दिनुको सट्टा "क" ले तिर्नु पर्ने कर वापत "ख" बाट दाखील गराउन सकिन्छ ।

- तेस्रो पक्षबाट सो द्रब्य कर वक्यौता राख्ने व्यक्तिलाई बुझाउने अख्तियारी पाएको व्यक्ति ।
  - उदाहरणकोलागी "क" भन्ने व्यक्तिले कर बुझाउन बांकी राखेको रहेछ । निज "क" लाई रकम वा सम्पत्ति वा अन्य कुनै रूपमा रहेको द्रव्य दिन भनि "ग" भन्ने व्यक्तिले "ख" भन्ने व्यक्तिलाई अख्तियारी दिएको रहेछ भने सो द्रव्य "क" लाई दिनुको सट्टा "क" ले तिर्नु पर्ने कर वापत "ख" बाट दाखील गराउन सकिन्छ ।

- <u>गैर बासिन्दा व्यक्तिको एजेन्टबाट कर असूलउपर गर्ने</u> :कर वक्यौता राख्ने गैर बासिन्दा व्यक्तिले कर बुझाई सक्नुपर्ने मितिसम्म कर नबुझाई वांकी राखेमा त्यसरी कर वक्यौता राख्ने व्यक्तिको स्वामित्वमा रहेको कुनैपनि सम्पत्ति आफ्नो कब्जामा राख्ने कुनै व्यक्तिलाई सो सम्पत्तिको बजार मूल्य बरावरको रकमबाट वक्यौता कर दाखीला गर्न आन्तरिक राजश्व कार्यालयले आदेश दिन सक्छ ।
- <u>बक्यौता राख्ने व्यक्तिको सम्पति माथि श्री ५ को सरकारको दाबी श्रृजना गर्ने</u> : कर दाखिला गर्नुपर्ने मितिसम्ममा कर दाखिला नगरेमा आन्तरिक राजश्व कार्यालयले सो कर वक्यौता राख्ने व्यक्तिको सम्पत्तिमा श्री ५ को सरकारको दाबी सिर्जना गर्न सक्छ ।
- <u>दाबी गरेको सम्पत्तिको लिलाम विक्री गर्ने</u> : दाबी श्रृजना गरेको सम्पत्तिको आन्तरिक राजश्व कार्यालयले लिलाम विक्री गरि बक्यौता कर असूल उपर गर्न सक्छ ।

➢ **उपरोक्त तरिका बाट पनि बक्यौता असूल नभएमा के हुन्छ ?**

उपरोक्त तरिकाहरूबाट पनि बक्यौता असूल नभएमा आन्तरिक राजश्व कार्यालयले सम्वन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्छ ।